# लागू औषध नियन्त्रण ब्यूरो

**ई-बुलेटिन**

**वर्ष १. अंक १, मंसिर, २०७६ (त्रैमासिक)**

**“ समृद्ध राष्ट्र निर्माणको लागि लागूऔषध रहित स्वस्थ जीवन ”**

**“Health for Justice, Justice for Health”**






**Koteshwor, Kathmandu**

**Phone no.: 4601048, email: ncbnepal@gmail.com**

# सल्लाहकार



प्र.ना.म.नि. दिनेश अमात्य



प्र.व.उ. बसन्त कुमार लामा

## सम्पादक मण्डल



प्र.उ. बिरेन्द्र कुमार बस्याल
प्रधान सम्पादक



प्र.ना.उ. प्रेम बहादुर शाही




प्र.ना.उ. फणिन्द्र प्रसाई



प्र.नि. सुनिल श्रेष्ठ



प्र.ना.नि. जगत ब. बस्नेत



लागूऔषध गाँजा तथा अफिम खेटी नष्ट



## सम्पादकीय

लागूऔषधको उत्पादन, संचय, ओसार-पसार, बिक्री वितरणलाई नियन्त्रण गर्न तथा लागूऔषध अपराधको प्रभाबकारी अनुसन्धान गर्नको लागि बिशिष्टिकृत रुपमा स्थापना भएको यस ब्यूरोले गरेका काम कारबाहीको सम्बन्धमा त्रैमासिक रुपमा जानकारी गराउने उद्देश्यले यस त्रैमासिक अन-लाईन बुलेटिनको प्रकाशन गर्न लागिएको हो । यस बुलेटिनमा लागूऔषध नियन्त्रण ब्यूरोले संचालन गरेका बिभिन्न अप्रेशनहरुबाट बरामद गरिएका लागूऔषध सम्बन्धी बिबरण तथा पक्राउ गरिएका स्वदेशी तथा बिदेशी नागरिकहरुको तथ्यांक समेतलाई समाबेश गरी नियमित रुपमा प्रकाशन गरिने छ । यो बुलेटिन लागूऔषध अपराधको रोकथामको लागि तुलनात्मक अध्ययन तथा अन्वेषणात्मक कार्यको लागि सहयोगि हुनेछ साथै लागूऔषध अपराध नियन्त्रण गर्ने सन्दर्भमा काम गर्ने बिभिन्न संस्था तथा यस क्षेत्रमा अध्ययन,अन्वेषण तथा जानकारी लिने ब्यक्तिहरुको लागि पनि यो बुलेटिन सहयोगि हुने बिश्वास लिईएको छ।


# बिषय सूची


| बिषय | पृष्ठ |
|---|---|
| **१. परिचय** | |
| क. लागू औषध नियन्त्रण ब्यूरो एक चिनारी | १ |
| ख. दुरदृष्टि | २ |
| ग. दिर्घकालीन लक्ष्य | २ |
| घ. प्रमुख उद्देश्यहरु | २ |
| ङ. लागूऔषध नियन्त्रण व्यूरोको काम कर्तव्य र अधिकार | ३ |
| **२. लागूऔषध के हो ?** | **४** |
| क. लागू औषधको प्रकारहरु : | ५ |
| ख. लागू औषधदुर्ब्यसनका कारणहरु | ८ |
| ग. लागूऔषध दुर्ब्यसनीहरुमा देखिने केही लक्षणहरु | ९ |
| घ. लागूऔषधको दुर्ब्यसनबाट कसरी बच्ने ? | १० |
| ङ. अभिभावकले अपनाउनुपर्ने उपायहरु | ११ |
| च. कानुनी प्राबधान (दण्ड सजाय) | १२ |
| **३. लागूऔषध दुर्ब्यसन प्रबृत्ति बिश्लेषण(Pattern Analysis)** | **१३** |
| **४. त्रैमासिक अपराध तथ्यांक** | **१७** |
| **५. बिभागिय गतिविधी /कार्यक्रम** | **२१** |
| **६. सारांश** | **२४** |
| **७. विविध** | **२५-२९** |

## लागू औषध नियन्त्रण ब्यूरो एक चिनारी



लागूऔषध अपराधको रोकथाम तथा नियन्त्रण गरि लागूऔषध रहित समाजको निर्माण गर्ने उद्देश्यले मिति २०४९/०२/२४ गते "लागू औषध नियन्त्रण कानून कार्यान्वयन ईकाई" को स्थापना भई मिति २०६९/०८/१४ गते नेपाल सरकार मन्त्रीपरिषदको निर्णयद्वारा प्र.ना.म.नि.को दरबन्दी कायम गरी लागूऔषध नियन्त्रण व्युरो" (Narcotic Control Bureau) को रुपमा स्तरोन्नती भएको यस व्युरोले लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन कार्यलाई नियन्त्रण गर्न सूचना संकलन तथा बिश्लेषण गर्ने,बिभिन्न कारबाही संचालन गर्ने र लागूऔषध अपराधमा संलग्न ब्यक्तिहरुको सम्बन्धमा थप अनुसन्धान गरी कानुनी प्रकृया अघि बढाउने कार्य गर्दै आईरहेको छ । यस ब्यूरो मातहत त्रिभुवन अन्तराष्ट्रिय बिमानस्थल काठमाण्डौ, तराईका सीमा नाका तथा पोखरा समेतमा गरि हाल ९ वटा Satellite Unit हरु रहेका छन् ।



## दुरदृष्टि (Vision):

लागूऔषधको अबैध खेती, उत्पादन, ओसारपसार, संचय र बेच बिखनमा नियन्त्रण गरी लागूऔषध रहित समाजको स्थापना

## दिर्घकालीन लक्ष्य (Mission)



- लागूऔषधको अवैध खेती, उत्पादन, ओसार–पसार र बेचविखन लगायतका लागू औषध अपराध नियन्त्रण गर्नका लागि,
- प्रचलित लागू औषध नियन्त्रण ऐन, २०३३ र लागू औषध सम्वन्धी नेपाल सरकारका नीति, रणनीति र कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने ।
- लागूऔषधको कारोवारमा संलग्न संगठित संजाल लगायतका अपराधीलाई पक्राउ गरी कानुनी दायरामा ल्याउने यस व्यूरोको दीर्घकालीन लक्ष्य हुनेछ ।

## प्रमुख उद्देश्यहरु

- लागूऔषध उत्पादन, संचय, ओसार पसार, बेचबिखन एवं सेवनमा नियन्त्रण गर्ने ।
- लागूऔषध अपराधको व्यवसायिक अनुसन्धान गर्ने ।
- लागूऔषध बरामद तथा पक्राउ परेकाहरुको अभिलेख व्यवस्थापन गर्ने र सो को विश्लेशण गरी लागूऔषध नियन्त्रण सबन्धि भाबि योजना तर्जुमा गर्ने ।
- लागूऔषध अपराध नियन्त्रणका लागि  सरोकारवाला राष्ट्रिय अन्तर्राष्ट्रिय निकायहरुसँग समन्वय एवं सहकार्य गर्ने ।


**Listening to children and youth is the first step to help them grow healthy and and Safe.**

## लागू औषध नियन्त्रण व्यूरोको काम कर्तव्य र अधिकार




१. लागूऔषध नियन्त्रण ऐनले व्यबस्था गरे अनुसारका अपराधिक कार्य बिरुद्ध तदारुकताका साथ कारवाही गर्ने।
२. नेपाल राज्य भरिको लागू औषध नियन्त्रण बिरुद्ध गरिएको कारवाहीको तथ्याङ्क सङ्कलन, बिश्लेषण र सम्पादन गर्ने र सो बिवरण लागूऔषध नियन्त्रण शाखामा पठाउने ।






३. अपराधको गहनतालाई दृष्टिगत गरि एक भन्दा बढि जिल्ला वा क्षेत्रमा फैलिएको लागू औषध सम्बन्धि अपराधको अध्ययन तथा बिश्लेषण गरी स्थानिय प्रहरीको कारबाहीलाई प्रभाबकारी बनाउन आबश्यक सल्लाह/सुझाब दिने ।
४. लागू औषध नियन्त्रणको सन्दर्भमा अन्तराष्ट्रिय प्रकृतिको अनुसन्धान कारवाही गर्ने ।



५. लागू औषध सम्बन्धि अन्तराष्ट्रिय प्रकृतिका अनुसन्धान तथा लागू औषध अपराधमा दुई देशको आपसि समस्या वा दुई भन्दा बढि देशहरुमा फैलिएको अन्तराष्ट्रिय संगठित अपराध बिरुद्ध बिभिन्न देशका प्रहरी मिलेर एकै साथ कारवाही गर्ने ।





६. लागू औषध नियन्त्रण ऐन कार्यान्वयन गर्ने गराउने सन्दर्भमा प्रहरी तथा अन्य सरकारी वा गैर सरकारी संस्था, स्वयंसेवक आदि सँग आवस्यकता अनुसार सम्पर्क राख्ने। कार्यान्वयन क्रममा अनुभव हुन आएका लागू औषध नियन्त्रण योजना तर्जुमा को लागि उपयोगि हुने विषयहरु प्रमुख लागू औषध नियन्त्रण अधिकारि समक्ष सुझाबका रुपमा पेश गर्ने ।

७. लागू औषध नियन्त्रण कारवाहीको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नेपाली वा विदेशि अपराधको गतिबिधि साथै कारवाहि बारे सम्बन्धित निकायबाट सूचना तथा तथ्याङक संकलन गरी बिश्लेषण तथा बितरण कार्य गर्ने।

८. अन्तराष्ट्रिय प्रकृतिको अनुसन्धानको क्रममा सुचना तथ्याङकको आदान प्रदान एवं संयुत्त कारवाहिको अवस्थामा बिदेशी निकाय संग प्रत्यक्ष सम्पर्क गर्ने र सो को जानकारि प्रमुख लागू औषध नियन्त्रण अधिकारिलाई दिने।

९. लागू औषधको अपराधको गहनतालाई दृष्टिगत गरि आवश्यक ठानेमा नेपाल राज्य भर कुनै पनि प्रहरी इकाईले अनुसन्धान गरिरहेको अवस्थामा समेत त्यस्तो अनुसन्धान मा बाधा अडचन वा कुनै त्रुटि देखिए वा देखिन आएमा चलि रहेको अनुसन्धान बारे सहयोग गर्ने।

# लागूऔषध के हो ?




लागूऔषध त्यस्तो पदार्थ हो जसले व्यक्तिको केन्द्रिय स्नायू प्रणालीमा (Central Nervous System) मा असर गरी मानिसको बानी व्यहोरामा परिवर्तन गर्दछ र दुर्ब्यसनी (addiction) समेत बनाउछ । विश्व स्वास्थ्य संगठन (World Health Organization)को अनुसार लागूऔषध भनेको कुनै पनि किसीमको रासायनिक पदार्थ हो जुन स्वस्थ Normal शरीरको लागी प्रयोग गर्न आवश्यक छैन भनि उल्लेख गरेको छ। त्यस्तै हाम्रो देशको बिधमान लागूऔषध नियन्त्रण ऐन, २०३३, दफा ३ क मा उल्लेख भए अनुसार "लागूऔषध" भन्नाले (१) गाँजा, (२) औषधोपयोगी गाँजा, (३) अफीम, (४) तैयारीको अफीम, (५) औषधोपयोगी अफीम, (६) कोकाको झार र पात, र (६क) अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवण समेत मिसाई तयार गरिने कुनै पदार्थ। (७) नेपाल सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएका प्राकृतिक वा कृत्रिम लागूऔषध तथा मनोदीपक पदार्थ (साइकोट्रपिक्स सब्स्टान्स) र तिनको लवणहरु तथा अन्य पदार्थ समेत सम्झनु पर्छ भनि उल्लेख गरिएको छ।

## लागू औषधको प्रकारहरु :

लागू औषधलाई निम्न अनुसार वर्गिकरण गर्न सकिन्छ ।


1. उत्पति र बनोटको आधारमा (Origination)
2. कानुनी आधारमा (Legality)
3. असर आधारमा (Effect)

### १. उत्पति र बनोटको आधारमा

क) प्राकृतिक (Natural)

त्यस्तो लागू औषध जो सिधै प्राकृतिक रुपमा प्राप्त पदार्थलाई नै प्रयोग गरिन्छ । जसमा कुनै Chemical वा रसायन प्रयोग गरिएको हुदैन जस्तै गाजा, चरेस आदि ।








ख) अर्ध प्राकृतिक (Semi Synthetic Drugs )

प्राकृतिक रुपमा पाइएका लागू औषधहरुमा केहि Chemical मिसाई यस्ता लागू औषध तयार गरिन्छ जस्तै Heroine, Morphine, Cocaine etc.







ग) कृत्रिम लागू औषधहरु (Synthetic Drugs)

यी लागू औषधहरुमा कनै पनि प्राकृतिक लागू औषध को प्रयोग भएको हुदैन । यो पुर्ण रुपमा Chemical हरु प्रयोग गरी प्रयोगशालामा तयार गरिन्छ । जस्तै (Buprenorphine , Pentazocine, Methamphetamine etc.)






## २. वैधताको आधारमा

क) वैध(नियन्त्रित) लागू औषध (Legal controlled Drugs)




त्यस्ता लागूऔषधहरु जसलाई मान्यता प्राप्त चिकित्सकको अनुमतीले मात्र विक्री वितरण गरिन्छ । जस्तै (Pharmaceutical drugs, Diazepam, Codeine, Buprenorphine, etc.)

ख) अवैध लागूऔषध (Illegal Drugs)



त्यस्ता लागूऔषधहरु जसलाई कुनै पनि देशको कानुनले उत्पादन तथा विक्रीवितरण तथा ओसारपसार र प्रयोग गर्न निषेध गरिएको हुन्छ । त्यस्तो कार्य गरेमा कानुनी कारबाही को भागीदार बन्नु पर्दछ । जस्तै: Hashish, Heroine, Cocaine etc.

## ३. असरको आधारमा

I. Depressants (शिथिलात्मक)




यस किसिमको लागू औषधले मानिसका शरिरका क्रियाकलापहरुलाई Slow गर्छ वा Down गर्दछ, यी लागूऔषधले मानव शरिरको Central Nervous System मा असर गर्दछ । यस्ता Depressants असर दिने औषधिहरुको सेवनले मानिसको Pulse Rate लाई घटाउने वा बढाउने गर्दछ र Shallow Breathing साँस फेर्न गाह्रो हुने आदी हुन्छ । यस प्रकारका लागू औषधहरुमा जस्तै Diazepam, Methaqualone, Benzodiazepines, Nitrazepam etc.पर्दछन् ।

II. Stimulants (उत्तेजनात्मक)



यस प्रकारका लागू औषध जसले मानव शरिरको (Central Nervous System) लाई उत्तेजीत बनाउदछ र ब्याक्तिको मानसिक तथा शारिरिक क्रियाकलापलाई बढाउदछ । ।यस प्रकारका लागू औषधहरुमा जस्तै Cocaine, Amphetamine, Methamphetamine आदी पर्दछन् ।



III. Hallucinogens (भ्रमात्मक)

यस किसिमका लागूऔषधको सेवनले भ्रम सृजना गराउदछ । फरक अनुभुती हुनु कुनै पनि बस्तुलाई तिनीहरुको वास्तविकता भन्दा फरक ढगले हेर्नु, सुन्नु, वुझनु, स्वाद लिनु, एकहोरो आखाँ हेरिरहनु आदि यस प्रकारका लागू औषध का असरहरु हुन । जस्तै- LSD, Phencyclidine, Cannabis

IV. Analgesics (दुखाई कम गर्ने)




अत्याधिक दुखाई पीडा कम गर्ने लागू औषधहरु यस बर्गमा पर्दछन् । जस्तै Analgesic: relief of pain ( Codeine, oxycodone, hydrocodone Pethidine) आदी ।




## लागूऔषध दुर्ब्यसनका कारणहरु

लागूऔषध अनुसन्धानको क्रममा खुल्न आएका कुराहरूको बिश्लेशणको आधारमा लागूपदार्थ सेवन गर्ने प्रमुख कारणहरु निम्नानुसार रहेको देखिन्छ।

- पारीवारिक/सांस्कृतिक तथा सामाजिक वातावरण राम्रो नहुनु,



- परिवारको कुनै सदस्यले लागूऔषधको प्रयोग गर्दा बालबालिकाले त्यसको नक्कल गर्नु ,
- बालबालिका संवेदनशिल हुन्छन उनीहरुलाई उमेर अनुसारको ब्यबहार गर्नुपर्छ तर त्यस्तो ब्यबहारको परिवारमा अभाव रहनु,
- अभिबावकले बालबालिकालाई दिएको पैसाको सही प्रयोग भए नभएको ध्यान पुर्याउन नसक्नु ,
- आफ्ना बालबालिकाले गरेका नराम्रा कृयाकलापको ढाकछोप गर्दै जानु,

- परिवारमा पर्याप्त समय दिन नसक्नु,एक अर्काको मनोभाबनालाई नबुझ्नु,
- बालबालिकामा नैराश्यपना जगाउने वातावरणको सिर्जना हुनु,
- बालबालिका माथि हिंसा र दुर्व्यबहार हुनु ,
- लागूऔषध सेवन गर्ने साथीभाईको संगत हुनु,
- साथीभाईले लागूऔषध सेवनको लागि गर्ने अनुरोध,दवावलाई अस्वीकार गर्न नसक्नु,
- लागूऔषधको हानी-नोक्सानीवारे चेतना नहुनु,
- लागूऔषध सेवनबाट पुग्ने क्षतीको वारेमा जानकारी नभई या हुंदा हुंदै यसको प्रयोग गर्नु ।
- आफुले गरेको काममा सोचे अनुरुप सफलता प्राप्त नभई निराश हुनु,
- लागूऔषधको बेचविखन र प्राप्ती सहज हुनु ।

## लागूऔषध दुर्व्यसनीहरुमा देखिने केही लक्षणहरु

लागूऔषध दुर्व्यसनीहरुमा बिभिन्न खालका लक्षणहरू देखापर्दछन् जस मध्ये केहि तल उल्लेख गरिएको छ ।



- स्वभाव र बोल्ने शैलीमा अचानक परिर्वतन आउनु,
- बाल बालिकाले विना कारण झगडा गरेर चाहिने भन्दा वढी पैसा माग्नु र खर्च गर्नु
- बाल बालिकाहरु कक्षामा नियमित नहुनु तथा पढाइको स्तर घट्दै जानु,
- घरवाट नगद तथा बहुमुल्य सामानहरु हराउनु,
- पुरानो साथीहरु छोड्दै जानु, नशा तथा अन्य क्रियाकलापको लागि ढाँट्दै जानु,
- शारीरिक रुपमा कुपोषण लागेको जस्तो कमजोर देखिनु,

- शरीरमा काटिएको, रगत, निलडाम र चोटपटक देखिनु,
- लगाएको कपडाबाट बेग्लै किसिमको गन्ध आउनु,
- कपडाको गोजिमा, झोलामा तथा कोठामा चुरोट, लाईटर, सलाई, मैनबत्ती, चम्चा, झिलझिले आदि भेटिनु,
- एक्लोपना रुचाउनु तथा बोलीचाली कम गर्नु,
- अचानक निणर्य परिर्वतन गर्नु तथा तुरुन्त आवेगमा आउनु,
- खानामा रुचि नहुनु, मुटुको चाल घटबढ हनु,
- धैरैजसो घर वाहिर बस्न खोज्नु, ढिलो घर आउनु,
- आँखा रातो हुनु, आँखाबाट आँशु आईरहनु, बोली लरबरिनु,
- आँखा जुधाएर वा सिधा भएर कुरा गर्न नसक्नु,
- ब्यक्तिगत सरसफाईमा ध्यान नदिनु, एउटै लुगा लगाईरहनु,
- सुत्ने र उठ्ने समयमा अचानक परिवर्तन आउनु, राती उठ्नु र विहान अवेर सम्म सुत्नु ।





## लागूऔषधको दुर्ब्यसनबाट कसरी बच्ने ?

- सुरु गर्नु अगाडिनै रोक्ने प्रयास गर्ने,
- कुनै साथीले खाने निम्तो दिएमा तुरुन्त ठाउँ छाडी हिड्ने,
- सच्चा मित्रले नशा प्रयोग नगरेकोमा आफ्नो सम्मान गर्दछ भन्ने बुझ्ने,
- नशा प्रयोग नगर्ने साथीसँग मात्र हिड्ने,
- घरमा आमा बुबा वा दाजुभाइले मादक पदार्थ वा लागूऔषध प्रयोग गर्दछन् भने तिनको अनुसरण नगर्ने,
- आफ्नो स्कुलमा नशा खाने समूहबाट टाढाँ रहने प्रयास गर्ने,
- नकारात्मक प्रस्ताबहरुलाई सदैव नाइ भन्न सक्ने क्षमताको विकास गर्ने,

- आफ्नो खाली समयलाई घरको कामकाज, भ्रमण,किनमेल, तथा सेवाको काममा मन लगाई प्राकृतिक तरिकाले आनन्द लिने प्रयास गर्ने,
- ध्यान, योग वा अन्य कुनै अध्यात्मिक आस्थासंग आवद्ध रहने,
- साहित्य, संगीत, कला, खेलकुद, नृत्य जस्ता श्रृजनशील कार्यमा आफूलाई व्यस्त राख्ने,
- आफ्ना बालबालिकाको भाबना बुझ्ने र उमेर अनुसार ब्यबहार गर्ने ।

## अभिभावकले अपनाउनुपर्ने उपायहरु

लागूऔषध दुर्व्यसनबाट आफ्ना सन्ततीहरुलाई जोगाउन हरेक अभिभाबकले तल उल्लेख गरेका कुराहरुमा केही ध्यान दिने हो भने धेरै हद सम्म दुर्व्यसनमा संलग्न हुनबाट रोक्न सकिन्छ।

- आफ्ना बालबालिकाको हरेक क्रियाकलाप, साथीभाई, विधालय समय बाहेक अरु बेला ब्यतित गर्ने स्थान आदिबारे जानकारी राख्ने,
- खेलकुद, कला तथा सांगेतिक कार्यक्रम लगायतका गतिविधिमा बढी संलग्न गराउने,
- बालबलिकालाई गलत साथीहरुको संगतमा पर्न नदिने,
- बालबालिकाहरुलाई मध्यपान तथा धुम्रपानको प्रयोगबाट टाढा राख्ने,
- लागूऔषध र त्यसको असर बारे जानकारी गराउने,
- नियमित रुपमा विद्यालयमा सम्पर्क गरी बालबालिकाको पढाई तथा अतिरिक्त क्रियाकलापमा सहभागिताबारे बुझ्ने,
- आफ्ना बालबालिकासँग प्रयाप्त समय बिताउने र विचारहरुको आदान प्रदान गर्ने,



## कानुनी प्राबधान (दण्ड सजाय)

### लागूऔषध नियन्त्रण ऐन २०३३ मा उल्लेख भएको सजाय सम्वन्धि प्रावधान

| लागूऔषध नियन्त्रण ऐन २०33 मा उल्लेख भएको सजाय सम्वन्धि प्रावधान | | | | |
|---|---|---|---|---|
| लागूऔषधको किसिम | अपराध | अपराधको मापन | कैद (सजाँय) | जरिवाना |
| गाँजा | सेवन | सेवन | एक महिनासम्म वा | रु २,००० रुपया |
| गाँजा | खेती | २५ वोट सम्म वा | तीन महिनासम्म वा | रु ३,००० सम्म |
| गाँजा | खेती | २५ वोट भन्दावढी | तीन वर्षसम्म वा | रु ५,००० - २५,००० सम्म |
| गाँजा | उत्पादन,तयारी, खरिद, विक्री वितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | ५० ग्राम सम्म,<br>५० ग्राम --५०० ग्राम,<br>५०० ग्राम २ किलो,<br>२ किलो - १० किलो,<br>१० किलो देखी माथी | तीन महिनासम्म वा,<br>१ महिना- १वर्षसम्म,<br>६ महिना -२ वर्षसम्म,<br>१ वर्ष -3 वर्षसम्म,<br>२ वर्ष - १० वर्षसम्म | रु ३,००० सम्म,<br>रु १,०००- रु ५,०००,<br>रु २,००० रु १०,०००,<br>रु ५,००० रु २५,०००,<br>रु १५,००० रु १,००,०००, |
| अफिम, कोका वा सोवाट वनेको | सेवन | सेवन | १ वर्षसम्म वा | रु १०,००० सम्म |
| अफिम, कोका वा सोवाट वनेको | खेती | २५ वोट सम्म वा,<br>२५ वोट भन्दावढी | १ वर्ष --3 वर्षसम्म र<br>3 वर्ष १० वर्षसम्म र | रु ५,००० सम्म,<br>रु२५,०००- रु २ लाख |
| अफिम, कोका वा सोवाट वनेको | उत्पादन,तयारी, खरिद, विक्री वितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | २५ ग्राम सम्म,<br>२५ ग्राम- १०० ग्राम,<br>१०० ग्राम देखी माथी | ५ --१० वर्षसम्म र,<br>१० १५ वर्षसम्म र,<br>१५ देखी जन्म कैद र, | रु ५,००० - रु २५,०००,<br>रु ७५,००० रु २,०००००,<br>रु ५ लाख रु २५ लाख सम्म |
| मनोद्विपक पदार्थ र तिनको लवण र अन्य पदार्थ | सेवन | सेवन | २ महिनासम्म वा | रु २,००० सम्म |
| मनोद्विपक पदार्थ र तिनको लवण र अन्य पदार्थ | उत्पादन,तयारी, खरिद, विक्री वितरण, निकासी वा पैठारी, ओसार पसार तथा संचय गर्ने | | २ वर्ष देखी १० वर्ष सम्म र | रु १ लाख - रु २० लाख सम्म |


**लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन गर्नु अपराध हो।**


**यस्ता गैर कानूनी गतिविधिमा आफू पनि नलागौं अरुलाई पनि लाग्न नदिऔं।**

## लागूऔषध दुर्व्यसन प्रबृत्ति बिश्लेषण(Pattern Analysis)

*(Source: Survey Report on Current Hard Drug Users in Nepal 2069)*

**Percentage age distribution of current drug users**




# Drug intake mode


| Drug intake mode | percent |
|---|---|
| Through syringe | 33 |
| Through mouth/ ingestion | 33 |
| Snorting | 12 |
| Snorting and ingestion | 7 |
| Snorting , ingestion and syringe | 15 |
| Total | 100 |

## Sources of drugs





- **About three forth of users (70.1%) received drugs through drug user friends**


## Mode of drug administration





- 57% (52,174) are IDUs
- Among them 13% shared needles with someone else
- Remarkable decreased in the percentage of drug users who shared needles comparing with the previous survey in 2063(29%)



## Percentage distribution of educational status of drug users




## Percentage distribution of living arrangement of drug users




**स्वास्थ्य, सवल र समृद्द नेपालको प्रतिवद्दता: लागू औषध अपराध विरुद्दको ऐक्यवद्दता।**

## २. त्रैमासिक अपराध तथ्यांक

लागूऔषधको बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्नका लागि लागू औषध नियन्त्रण ब्यूरो निरन्तर लागिरहेको छ। सोहि क्रममा सन् २०१९ जनवरी देखि हाल सम्म संचालन गरिएको कारबाहीका क्रममा बरामद भएको कुल लागूऔषध तथा पक्राउ परेका ब्यक्तिहरुको बिबरण निम्नानुसार रहेको छ।















लागूऔषध ओसारपसार तथा बेचबिखनमा संलग्न भई पक्राउ पर्न आएका ब्यक्तिहरुको संख्यात्मक बिबरण निम्नानुसार रहेको छ।

# Person Arrest and Quantities of Drugs Seized in Jan to Oct 2019 (NCB & Unit Office)

| Month | Case File | Person Arrest | | | | | Quantities of Drugs Seizure | | | | | | | | | | | | | Other Controlled Pharmaceutical Drugs |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepalese | | Foreigner | | Total | Cannabis | | Hashish | | Heroin | | | Opium | | | Cocaine | | | |
| | | M | F | M | F | | Kg. | Gm. | Kg. | Gm. | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg. | |
| January | 47 | 59 | 2 | 3 | 0 | 64 | 0 | 0 | 8 | 970 | 0 | 314 | 390 | 0 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 128, Diazepam –984, Phenergan 928, Corex 19 Bottle. Nitrovet Tab. 5681, amphetamine ICE 9 gm. |
| February | 46 | 56 | 1 | 1 | 0 | 58 | 0 | 0 | 24 | 0 | 0 | 55 | 690 | 0 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 492 Diazepam –595, Phenergan 521, Corex 10 Bottle Nitrovet Tab. 5866, . |
| March | 46 | 67 | 1 | 4 | 0 | 72 | 0 | 0 | 0 | 166 | 0 | 69 | 216 | 0 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 1061 Diazepam 1163, Phenergan 1187, Corex 64 Bottle Nitrovet Tab.1134, . |
| Total | 139 | 182 | 4 | 8 | 0 | 194 | 0 | 0 | 33 | 136 | 0 | 439 | 296 | 0 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 1681, Diazepam 2742, Phenergan 2636, Corex 93 Bottle Nitrovet Tab.12681, . |
| | | | | | | | | | | | | | | | | | | | | |
| April | 41 | 52 | 3 | 1 | 0 | 56 | 532 | 0 | 114 | 320 | 0 | 58 | 650 | 1 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 332 Diazepam 402, Phenergan 357, Nitrovet Tab.914, |
| May | 50 | 62 | 1 | 2 | 0 | 65 | 103 | 826 | 48 | 575 | 0 | 39 | 420 | 1 | 978 | 0 | 0 | 0 | 0 | Buprenorphine 677 Diazepam 756, Phenergan 803, Nitrovet Tab.2642, Corex 13 Bottle |
| June | 51 | 59 | 5 | 4 | 0 | 68 | 36 | 0 | 22 | 401 | 0 | 90 | 860 | 0 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine 778 Diazepam 955, Phenergan 1082, Nitrovet Tab.5436, Corex 10 Bottle |
| Total | 142 | 173 | 9 | 7 | 0 | 189 | 671 | 826 | 185 | 296 | 0 | 188 | 930 | 2 | 978 | 0 | 0 | 0 | 0 | Buprenorphine 1787 Diazepam 2113, Phenergan 2242, Corex 23 Bottle Nitrovet Tab. 8992, |
| | | | | | | | | | | | | | | | | | | | | |
| July | 46 | 62 | 4 | 3 | 0 | 69 | 0 | 0 | 5 | 0 | 0 | 56 | 440 | 18 | 500 | 0 | 0 | 0 | 0 | Buprenorphine 2418 Diazepam 2276, Phenergan 1561, Nitrovet Tab.1215, Corex 86 Bottle . |
| August | 53 | 68 | 8 | 7 | 0 | 83 | 0 | 120 | 0 | 349 | 0 | 99 | 880 | 0 | 250 | 0 | 0 | 0 | 0 | Buprenorphine 634 Diazepam 779, Phenergan 651, Nitrovet Tab.2396, Corex 100 Bottle . |
| September | 49 | 64 | 3 | 4 | 0 | 71 | 1 | 500 | 0 | 0 | 0 | 328 | 915 | 0 | 0 | 0 | 1 | 600 | 0 | Buprenorphine 1557 Diazepam 1598, Phenergan 1561, Nitrovet Tab.2288, Corex 4 Bottle . |
| Total | 148 | 194 | 15 | 14 | 0 | 223 | 1 | 620 | 5 | 349 | 0 | 485 | 235 | 18 | 750 | 0 | 1 | 600 | 0 | Buprenorphine 4609 Diazepam 4653, Phenergan 3773, Nitrovet Tab.5899, Corex 190 Bottle . |

# Person Arrest & Quantities of Drugs Seized in Jan-Oct. 2019 (Whole Nepal)

| Month | Case File | Person Arrested | | | | | | | Quantities of Drug Seizure | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Nepalese | | Indian | | Foreigner | | Total Person | Cannabis | | Hashish | | Heroin | | | Opium | | | Cocaine | | Other Controled Pharmaceutical Drugs |
| | | M | F | M | F | M | F | | Kg. | Gm. | Kg. | Gm. | Kg. | Gm. | Mg. | Kg. | Gm. | Mg | Kg. | Gm. | |
| Poush 075(Jan) | 370 | 497 | 38 | 21 | 0 | 1 | 0 | 557 | 932 | 639 | 281 | 0 | 1 | 678 | 385 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine – 5386; Diazepam - 5843; Others-68426; |
| Magh (Feb) | 335 | 450 | 23 | 18 | 1 | 5 | 0 | 497 | 603 | 386 | 476 | 93 | 0 | 301 | 987 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine – 4100; Diazepam - 4589; Others- 24516; |
| Falgun (Mar) | 336 | 471 | 35 | 14 | 2 | 0 | 0 | 522 | 1237 | 0 | 982 | 0 | 0 | 236 | 687 | 5 | 700 | 0 | 0 | 0 | Buprenorphine – 4689; Diazepam - 4010; Others- 35,543; |
| Chaitra (Apr) | 306 | 400 | 18 | 15 | 1 | 0 | 0 | 434 | 2993 | 479 | 315 | 591 | 0 | 749 | 916 | 0 | 0 | 0 | 0 | 0 | Buprenorphine – 3575; Diazepam - 4354; Others- 19,084; |
| Baishakh 076(May) | 284 | 353 | 8 | 11 | 0 | 0 | 0 | 372 | 1014 | 174 | 46 | 334 | 1 | 258 | 661 | 0 | 978 | 0 | 0 | 0 | Buprenorphine – 2780; Diazepam - 3958; Others- 12,725; Amphitamine (YABA) -640 Gram. 300 MG. |
| Jestha (Jun) | 332 | 449 | 24 | 15 | | 4 | | 492 | 791 | 490 | 166 | 260 | | 513 | 565 | | 7 | | | | Buprenorphine – 5138; Diazepam - 5338; Others- 9420; Tab.- 17020 |
| Ashadh (Jul) | 317 | 435 | 11 | 20 | 2 | 0 | 0 | 468 | 904 | 585 | 65 | 332 | 0 | 678 | 748 | 27 | 544 | 0 | 0 | 0 | Buprenorphine – 6338; Diazepam - 5158; Others- 9843; Tab.-10431 |
| Shrawan (Aug) | 308 | 453 | 19 | 15 | 0 | 3 | 0 | 490 | 489 | 542 | 0 | 732 | 0 | 331 | 68 | 0 | 481 | 0 | 0 | 0 | Buprenorphine – 4555; Diazepam - 5599; Others- 3413; Tab.-5846, amphetamines- 4Kg.200Grm |
| Bhadra (Sep) | 302 | 448 | 31 | 16 | 1 | 1 | 0 | 497 | 207 | 810 | 21 | 643 | 1 | 105 | 830 | 3 | 300 | 455 | 1 | 600 | Buprenorphine – 4343; Diazepam - 5161; Others- 2780; Tab.- 13047, |
| Ashwin (Oct) | 283 | 418 | 13 | 12 | 0 | 0 | 0 | 443 | 459 | 482 | 35 | 835 | 0 | 370 | 859 | 17 | 984 | 0 | 0 | 0 | Buprenorphine – 3632; Diazepam - 3936; Others- 16561; Tab.-29673 , |
| Total | 3173 | 4374 | 220 | 157 | 7 | 14 | 0 | 4772 | 9629 | 4587 | 2387 | 3820 | 3 | 4219 | 6706 | 52 | 3994 | 455 | 1 | 600 | ★Buprenorphine- 44,536; ★Diazepam- 47,946; ★Others- 202,311; ★Tab. 76,017, ★amphetamines-6Kg. 245Grm |
| G.Total : | | | | | | | | | 9633 | 587 | 2390 | 820 | 7 | 225 | 706 | 56 | 0 | 455 | 1 | 600 | |

*Source: PHQ. CID, Narcotics Control Bureau (NCB)*

## लागू औषध बरामदी परिमाण संख्या (नेपाल भर)

**२०७६**

| महिना | मुद्दा संख्या | लागू औषध परिमाण संख्या | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाँजा | | चरेश | | हेरोईन | | | अफिम | | | कोकिन | | नियन्त्रित लागू औषध |
| | | के.जि. | ग्राम | के.जि. | ग्राम | के.जि | ग्राम | मि.ग्रा | के.जि | ग्राम | मि.ग्रा | के.जि | ग्राम | |
| श्रावण | ३०८ | ४८९ | ५४२ | ० | ७३२ | ० | ३३१ | ६८ | ० | ४८१ | ० | ० | ० | बुप्रेनोर्फिन – ४,५५५, डाईजेपाम - ५,५९९, अन्य ३४१३ ट्याब्लेट ५,८४६, एम्फेटामाईन - ४ के.जि.२०० ग्राम |
| भाद्र | ३०२ | २०७ | ८१० | २१ | ६४३ | १ | १०५ | ८३० | ३ | ३०० | ४५५ | १ | ६०० | बुप्रेनोर्फिन – ४३,४३ डाईजेपाम - ५,१६१, अन्य - २,७८० ट्याव्लेट १३,०४७, |
| आश्विन | २८३ | ४५९ | ४८२ | ३५ | ८३५ | ० | ३७० | ८५९ | १७ | ९८४ | ० | ० | ० | बुप्रेनोर्फिन – ३६३२ डाईजेपाम -३९३६ अन्य -१६५६१ ट्याब्लेट २९६७३ |
| जम्मा | ८९३ | ११५५ | १८३४ | ५६ | २२१० | १ | ८०६ | १७५७ | २० | १७६५ | ४५५ | १ | ६०० | ब्रुप्रेनोर्फिन- १२,५३०; डाइजेपाम- १४,६९६; अन्य- २२,७५४; ट्याब्लेट. ४८,५६६, **एम्फेटामाइन** -५ के.जि. ६०५ ग्राम |
| कुल जम्मा | | ११५६ | ८३४ | ५८ | २१० | १ | ८०७ | ७५७ | २१ | ७६५ | ४५५ | १ | ६०० | |

*स्रोत: प्र.प्र.का. अ.अ.विभाग*

**लागू औषध पक्राउ संख्या (नेपाल भर)**

**२०७६**

| महिना | मुद्दा सख्या | *जम्मा मानिस पक्राउ संख्या* | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नेपाली | | भारतीय | | बिदेशी | | जम्मा पक्राउ संख्या |
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| श्रावण | ३०८ | ४५३ | १९ | १५ | ० | ३ | ० | ४९० |
| भाद्र | ३०२ | ४४८ | ३१ | १६ | १ | १ | ० | ४९७ |
| आश्विन | २८३ | ४१८ | १३ | १२ | ० | ० | ० | ४४३ |
| जम्मा | ८९३ | १३९१ | ६३ | ४३ | १ | ४ | ० | १४३० |

*स्रोत: प्र.प्र.का. अ.अ.विभाग*

# बिभागिय गतिविधी /कार्यक्रम:



- Drug Enforcement Administration (DEA) को आयोजनामा मित्रराष्ट्र **United Arab Emirates (UAE)** को **Dubai** मा मिति २०७६।०५।०९ गते देखि ऐ. १० गते (तदनुसार **26-27 August, 2019**) सम्म सञ्चालन भएको "Drug Administration Regional Meeting" विषयक कार्यक्रममा यस व्यूरोका प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्यको साथमा यस व्यूरोमा कार्यरत प्र.ना.उ. कृष्ण सुन्दर बिष्ट सहभागि हुनु थियो, उक्त क्रार्यक्रममा लागू औषधको ओसार पसार नियन्त्रण गर्न पारस्परीक सहयोगलाई प्रभावकारी बनाउने बिषयमा छलफल भएको थियो
- मित्रराष्ट्र Thailand मा मिति २०७६।०७।०५ गते देखि ०८ गते (तदनुसार **22-25 October, 2019**) सम्म सञ्चालन भएको "Forty-third Meeting of Heads of National Drug

Law Enforcement Agencies (HONLEA) Asia and The Pacific" बिषयक कार्यक्रममा यस व्यूरोका प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्य सहभागी हुनु भएको थियो, उक्त कार्यक्रममा ३५ राष्ट्रका १०१ जना प्रतिनिधि समेतको सहभागिता रहेको र लागू औषध अपराधको अन्तराष्ट्रिय संजालको बारेमा जानकारी गराई सो रोकथामका लागि अन्तराष्ट्रिय सहयोग लाई प्रभाबकारी बनाउने बिषयमा छलफल भएको थियो ।




- मिति २०७६।०५।१७ गतेदेखि ऐ. २४ गतेसम्म लागू औषध नियन्त्रण व्यूरोमा कार्यरत ४२ जना प्र.क.हरूलाई दुई समुहमा सहभागी गराई तीन दिने लागूऔषध सम्बन्धी अनुशिक्षण तालिम संचालन गरीएको थियो।



- मिति २०७६।०५।०४ गते दिउँसो १६:५८ बजेको समयमा कतार एयरवेजको उडानद्वारा दोहाबाट काठमाण्डौ आउदै गरेका आईभेरिकोष्टका नागरीक राहदानी नं. 18 AT95514 बाहक बर्ष ३५ को MARCEL GUEHI लाई जिल्ला काठमाण्डौ का.म.न.पा. वार्ड नं.९, स्थित त्रिभुवन अन्तराष्ट्रिय बिनमानस्थलको भन्सार कार्यालयको अगाडी फेला पारी निजले साथमा ल्याएको निलो रङको सुटकेश खानतलासी गर्दा उक्त सुटकेश भित्र फल्सबटम बनाई तल माथि प्लाईउड राखि भित्र कागजको पाता बनाई राखेको अबस्थामा नेपाल हुँदै विभिन्न मुलुकहरुमा ओसारपसार गर्न लागिएको १ के.जी. ६०० ग्राम लागू औषध कोकिन सहित पक्राउ गरिएको र कानुनी प्रकृया अघि बढाईएको ।



- मिति २०७६।०५।२४ गते दिउँसो १२:३० बजेको समयमा ब्राजिलको सापाउलोबाट कतार एयरवेजको उडानद्वारा दोहा हुँदै नेपाल आएका ब्राजिलका नागरीक राहदानी नं. FY 575937 बाहक बर्ष ६१ को SERGIO TRUS OGAWA लाई जिल्ला काठमाण्डौ का.म.न.पा. वार्ड नं.९, स्थित त्रिभुवन अन्तराष्ट्रिय बिनमानस्थलको स्वर्ण गेट नजिकै सडक किनाराबाट नियन्त्रणमा लिई निजले साथमा ल्याएको कालो रातो रंगको सुटकेश खानतलासी गर्दा उक्त सुटकेश भित्र सेतो कालो रंगको पेपरले बेरी फल्सबटम बनाई प्लास्टिक भित्र लुकाई छिपाई राखेको अवस्थामा २ के.जी. १०० ग्राम लागू औषध कोकिन सहित पक्राउ गरिएको र कानुनी प्रकृया अघि बढाईएको ।



- मिति २०७६।०६।१४ गते दिउँसो १४:३० बजेको समयमा जिल्ला कास्की पोखरा महानगरपालिका वडा नं. २६ विजयपुर ठेगाना भएका वर्ष ३७ को भुवन अधिकारी र जिल्ला पर्सा पोखरीया नगरपालिका वडा नं. ८ ठेगाना भएका हाफिज नसिम अख्तर तेलीलाई लागूऔषध (मनोद्विपक पदार्थ) मेथ एम्फेटामाईन (ICE)-१ किलो ग्राम सहित जिल्ला काठमाण्डौ का.म.न.पा.वडा नं. २९ सामाखुसीबाट पक्राउ गरिएको र कानुनी प्रकृया अघि बढाईएको ।









**सारांश :-**

लागूऔषधको समस्याले आज ब्यक्ति, परिवार, समाज र समग्र राष्ट्रलाई नै आक्रान्त पारेको छ । लागू औषधको समस्या आज कुनै एक देशको परिधिभित्र मात्र सिमित नभएर बिश्वकै साझा समस्याको रुपमा देखापरेको छ । नेपालको सन्दर्भमा लागूऔषधको सर्बेक्षण २०६३ र २०६९ अनुसार बार्षिक करिब ११ प्रतिशतले लागूऔषध प्रयोगकर्ताहरुको संख्यामा बृद्दि भईरहेको छ भने कुल अपराधको ७ प्रतिशत अपराध लागू औषधसँग सम्बन्धित रहेको देखिन्छ । नेपाल प्रहरीको तथ्यांकलाई हेर्ने हो भने महिला तथा बाल बालिका बिरुद्द हुने घरलु हिंसा लगायतका बिभिन्न अपराधहरु, चोरी, लुटपाट, आगजनि, तोडफोड, अपहरण, कर्तब्यज्यान जस्ता जघन्य अपराधहरुको मूल जड पनि अधिकांश अबस्थामा लागूऔषध नै रहेको देखिन्छ ।

लागूऔषधको खेति, उत्पादन, बेचबिखन, ओसारपसार र उपभोगलाई नियन्त्रण गर्न नेपाल सरकार गृह मन्त्रालय, नेपाल प्रहरी, लागूऔषध नियन्त्रण ब्यूरो, बिभिन्न सामाजिक सरकारी तथा गैर सरकारी संघ संस्था सबै आ-आफ्नो क्षेत्रमा निरन्नतर लागि रहँदा पनि लागू औषध दुर्ब्यसनको समस्याले समाजमा नराम्रो सँग जरा गाडेको देखिन्छ तसर्थ लागूऔषध अपराधलाई न्यूनिकरण गर्नको लागि हामी सबैले शुरुमै आ-आफ्नो घरमा लागूऔषध प्रबेश हुनबाट रोक्ने कार्य गर्न जरुरी छ । बिशेष गरि अभिभाबकहरुले आफ्ना छोराछोरीको गतिबिधिको बारेमा जानकारी राखि सकारात्मक अभिभाबकत्वको भुमिका निभाई समयमै सुझाउन सके लागूऔषध दुर्ब्यसन रोकथाममा उल्लेखनीय उपलब्धि हासिल गर्न सकिन्थ्यो कि ?








Drug Enforcement Administration (DEA) को आयोजनामा २०७६/०१/०२ गते देखि ०४ (15th to 17th April 2019) गते सम्म अजरबैजानको बाकुमा सम्पन्न 36th Annual International Drug Enforcement Conference (IDEC). मा सहभागी हुनु भएका यस ब्यूरोका प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्य साथमा अन्य सहभागीहरू।









लागू औषध नियन्त्रण ब्यूरो प्रमुख दिनेश अमात्य लागू औषध दुरुपयोग तथा ओसारपसार बिरुद्धको अन्तर्राष्ट्रिय दिवस June 26th 2019 को कार्यक्रममा सहभागी हुदै ।




ALERT AND AWARENESS SESSION AGAINST DRUGS TRAFFICKING
June 22, 2019
In Association with
Narcotics Control Bureau, Nepal


समुदाय-प्रहरी साझेदारी
लागु औषध दुरुपयोग तथा अवैध ओसार पसार विरुद्ध अन्तराष्ट्रिय दिवस
जनचेतनामूलक 'र्याली तथा सडक नाटक' एवं सांस्कृतिक कार्यक्रम
"Health for justice, justice for health"
International Day Agai








"समृद्ध राष्ट्र निर्माणको लागि लागु औषध रहित स्वस्थ जीवन"
"Helth for Justice, Justice for Health"
Training & Interaction Programe of International Day Against Drug Abuse and Illicit Trafficking
लागु औषध दुरूपयोग तथा अबैध ओसार पसार विरूद्ध अन्तर्राष्ट्रिय दिवसको उपलक्ष्यमा आयोजित
प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम



Drug Enforcement Administration (DEA) को आयोजनामा मित्रराष्ट्र **United Arab Emirates (UAE)** को **Dubai** मा मिति २०७६।०५।०९ गते देखि ऐ. १० गते (तदनुसार **26-27 August, 2019**) सम्म सञ्चालन भएको "Drug Administration Regional Meeting" विषयक कार्यक्रममा सहभागि यस ब्यूरोका प्रमुख प्रहरी नायव महानिरीक्षक दिनेश अमात्य साथमा यस ब्यूरोमा कार्यरत प्र.ना.उ. कृष्ण सुन्दर बिष्ट।






लागू औषध नियन्त्रण ब्यूरो द्वारा संचालित, लागू औषध सम्बन्धी अनुशिक्षण तालिम तथा स्कूल कार्यक्रम।



अफिम खेतिलाई फडानी गरी नष्ट गर्दै प्रहरी

# लागूऔषध सम्बन्धि समस्या भए !

**सम्पर्क**

लागूऔषधको दुर्ब्यसन, उत्पादन, ओसारपसार, संचय, बिक्रिबितरण गम्भिर अपराध हो । कतै तपाईको टोल क्षेत्रमा यस्ता अपराध भैरहेको तथा हुनसक्ने जानकारी भएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा वा लागू औषध नियन्त्रण ब्यूरोको फोन ०१-४६०१०४८ तथा ईमेल ncb@nepalpolice.gov.np मा सम्पर्क गर्नुहोला ।

✸✸✸ समाप्त ✸✸✸